# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड९) जनकपुरधाम, नेपाल, असार २६ गते, २०८२ साल (संख्या३


## भाग ३

## मधेश प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## कानून मस्यौदा तथा सुझाव समिति सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:**प्रदेशस्तरमा तर्जुमा गर्नुपर्ने कानूनको पहिचान र विश्लेषण गरी प्राथमिकताका आधारमा विषयगत मन्त्रालयहरूसँग समन्वय गरी

नयाँ कानूनको मस्यौदा तर्जुमा गर्न, हाल प्रचलित प्रदेश कानूनमा समयानुकूल परिमार्जनका लागि संशोधन मस्यौदा तर्जुमा गर्न एवं प्रदेश कानूनको प्रभावकारी कार्यान्वयन र समसामयिक सुधारका सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिन कानून मस्यौदा तथा सुझाव समिति गठन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा २ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम **"कानून मस्यौदा तथा सुझाव समिति सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ।

(२)यो कार्यविधि मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "उपसमिति" भन्नाले दफा ४ को उपदफा (४) बमोजिम गठित उपसमिति सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

(ग) "सचिवालय" भन्नाले दफा ३ को उपदफा (४) बमोजिम स्थापित कानून तर्जुमा तथा सुझाव समितिको सचिवालय सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको संयोजक तथा सदस्य सचिव समेतलाई जनाउँछ।

(ङ) “सदस्य सचिव" भन्नाले समितिको सदस्य सचिवलाई जनाउँछ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(छ) "सेवा परामर्श विज्ञ" भन्नाले कानूनको मस्यौदा सम्बन्धी विषयमा समितिले आवश्यकता अनुसार परामर्श लिन सक्ने विज्ञ सम्झनु पर्छ ।

**३. <u>समितिको गठनः</u>** (१) प्रदेशमा देहाय बमोजिमको कानून मस्यौदा तथा सुझाव समितिको गठन गरिने छः-

(क) मुख्य न्यायाधिवक्ता - संयोजक

(ख) प्रादेशिक कार्यक्रम निर्देशक, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (पि.एल.जी.एस.पी.)/(प्रदेश सचिव, मुख्यमन्त्री तथा म.प.कार्यालय) - सदस्य

(ग) प्रदेश सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) कम्तिमा अधिकृत स्तरको प्रतिनिधि, सम्बन्धित मन्त्रालय - सदस्य

(ङ) उपन्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय
- सदस्य सचिव

(२) प्रदेशका विषयगत मन्त्रालयको नयाँ कानून मस्यौदा वा संशोधनको मस्यौदामा छलफल गर्दा समितिले विषयविज्ञ र कर्मचारी समेतलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको विषयविज्ञ वा सम्बन्धित कर्मचारी बाहेक अन्यलाई आर्थिक दायित्व थप हुने गरी बैठकमा आमन्त्रित गर्न वा राख्न सकिने छैन ।

(४) कानून मस्यौदा तथा सुझाव समितिको सचिवालय मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालको संविधान एवं अन्य प्रचलित कानून बमोजिम प्रदेशका सबै विषयगत मन्त्रालयहरुले तर्जुमा गर्नु पर्ने ऐन, नियमावली, निर्देशिका, कार्यविधि, गठन आदेश लगायतका कानूनको पहिचान गर्ने कार्यमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ख) खण्ड (क) बमोजिम पहिचान भएका कानूनको प्रारम्भिक मस्यौदा तर्जुमा गरी आवश्यक कारबाही अघि बढाउन सम्बन्धित मन्त्रालयमा पठाउने,

(ग) प्रदेश सरकारका मन्त्रालयहरुले तयार गरेको कानूनका प्रारम्भिक मस्यौदाहरु उपर आवश्यक छलफल तथा परिमार्जनका लागि समितिमा उपलब्ध गराउन सक्ने र त्यसरी प्राप्त मस्यौदाहरु उपर समितिले आवश्यक छलफल/ अध्ययन गरी मन्त्रालयलाई सुझाव वा परिमार्जन गरी उपलब्ध गराउने,

(घ) प्रदेशस्तरमा जारी भएका ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, गठन आदेश लगायतका कानूनहरु नेपालको संविधान, संघीय तथा अन्य प्रचलित कानून अनुकूल भए नभएको अध्ययन वा समीक्षा गरी प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,

(ङ) प्रदेश सरकारले तोके बमोजिम कानूनसँग सम्बन्धित अन्य विषयवस्तुहरुको अध्ययन, समीक्षा कार्यमा आवश्यकता अनुसार परामर्श दिने।

(च) प्रदेशका कानूनहरुको प्रभावकारी कार्यान्वयन र समसामयिक सुधारका सम्बन्धमा प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

(छ) नयाँ कानूनको मस्यौदा तयार गर्ने तथा विद्यमान कानूनको परिमार्जन एवं संशोधन गर्ने सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला निकाय वा संस्था वा विज्ञसँग राय एवं परामर्श लिन सक्ने,

(ज) समितिका अन्य कामकारबाही तथा कार्यविधि सम्बन्धी अन्य कुराहरू निर्णयबमोजिम हुनेछ ।

(२) समितिबाट खण्ड (ख) बमोजिम प्राप्त कानूनको मस्यौदाका सम्बन्धमा आवश्यक कारबाहीका लागि सम्बन्धित मन्त्रालयले प्राथमिकता दिनुपर्ने छ ।

(३) समितिबाट तयार वा परिमार्जन गरिएका कानूनको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक कारवाहीको लागि सम्बन्धित मन्त्रालयमा पठाउन सक्ने छ ।

(४) नयाँ कानूनको प्रारम्भिक मस्यौदा वा मौजूदा कानूनको परिमार्जन मस्यौदा तयार गर्ने क्रममा आवश्यक परेको खण्डमा प्रचलित कानून नियमानुसार सेवा परामर्श मार्फत् विज्ञको सेवा लिन सक्नेछ।

**५. <u>समितिको बैठकः</u>** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको स्थान र मितिमा हुनेछ ।

(३) समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ ।

(४) बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **सुविधाः** समिति तथा उपसमितिका सदस्यहरूले बैठकमा उपस्थित भएको दिनको बैठक भत्ता मधेश प्रदेश सरकारको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८० बमोजिम प्राप्त गर्नेछन्।

७. **प्रतिवेदन पेश गर्नु पर्नेः** समितिले आफूले सम्पादन गरेको दफा ४ बमोजिमको कामको प्रगति प्रतिवेदन वार्षिक रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. **सहयोग गर्नु पर्नेः** (१) समितिले प्रदेश सरकारका सबै विषयगत मन्त्रालयबाट तर्जुमा गर्नु पर्ने ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, गठन आदेश इत्यादिको अवधारणा पत्र सहितको विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको विवरण प्रदेश सरकारका सबै विषयगत मन्त्रालयले समयमै समितिसमक्ष पठाउनु पर्नेछ ।

(३) समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु प्रदेश सरकारका सबै विषयगत मन्त्रालय, सचिवालय, कार्यालय तथा पदाधिकारीहरुको कर्तव्य हुनेछ।

९. **प्रदेश सरकारसँग सम्पर्कः** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

आज्ञाले,
राजन नेपाल
प्रदेश सचिव (कानून)

स्वीकृति मितिः २०८२/०३/१२



गृह,सञ्चार तथा कानून मन्त्रालय,मधेश प्रदेश बाट प्रकाशित